# प्रदेश लोक सेवा आयोग

## प्रदेश नं. १, विराटनगर नेपाल

## हलुका सवारी चालक (करार) छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७८

प्रदेश लोक सेवा आयोग प्रदेश नं.१ विराटनगरको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेको हलुका सवारी चालक पदको सेवा प्राप्त गर्नका लागि व्यक्ति करार सम्झौता मार्फत उक्त सेवा प्रदान गर्न इच्छुक व्यक्तिहरू मध्येबाट उपयुक्त व्यक्ति छनौट गर्नुपर्ने भएकोले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोगले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम "हलुका सवारी चालक (करार) छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

ख. यो कार्यविधि आयोगबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "ऐन" भन्नाले "प्रदेश लोक सेवा आयोग ऐन, २०७६ " सम्झनु पर्दछ ।

ख. "नियमावली" भन्नाले "प्रदेश लोक सेवा आयोग नियमावलि २०७७" सम्झनु पर्दछ ।

ख. "कार्यविधि" भन्नाले "हलुका सवारी चालक (करार) छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७८" सम्झनु पर्दछ ।

ग. "आयोग" भन्नाले प्रदेश लोक सेवा आयोग प्रदेश नं. १ विराटनगरलाई सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले प्रदेश लोक सेवा आयोगको कार्यालयलाई सम्झनु पर्दछ ।

ङ. "सचिव" भन्नाले प्रदेश लोक सेवा आयोग प्रदेश नं. १ को सचिवलाई सम्झनु पर्दछ ।

च. "समिति" भन्नाले दफा ५ बमोजिम गठित छनौट सिफारिस समिति सम्झनु पर्दछ ।

३. दरखास्त आह्वान गर्नेः (१) कार्यालयको स्वीकृत दरवन्दी अनुसार रिक्त रहेको हलुका सवारी चालक पदको सेवा व्यक्ति करार सम्झोता मार्फत प्राप्त गर्न कार्यालयले ७ (सात) दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ ।

(२) आवेदन दस्तुर सम्बन्धित पदका लागि आयोगले तोकेको दस्तुर सरह हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार पर्न आएका आवेदनहरू कार्यालयले छानविन गरी निर्धारित योग्यता पुगेका र रीतपूर्वक परेका आवेदन स्वीकृत गर्नेछ । कुनै कारणले आवेदन अस्वीकृत भएमा सो को जानकारी आवेदकलाई दिनु पर्नेछ ।

४. **योग्यताः** (१) देहायको योग्यता पुगेको व्यक्तिले हलुका सवारी चालक पदको व्यक्ति करार सम्झौताका लागि आवेदन दिन सक्नेछन् ।

क) १८ बर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको,

ख) नेपाली नागरिक,

ग) साधारण लेखपढ गर्न जान्ने,

घ) "ख" (B - Car, Jeep, Delivery Van) वर्गको सवारी चालक अनुमति-पत्र लिएको कम्तिमा पाँच बर्ष पूरा भएको ।

ङ) कुनै कानूनले अयोग्य नभएको ।

५. **छनौट सिफारिस समितिः** (१) हलुका सवारी चालक पदमा व्यक्ति करार सम्झौताका लागि उपयुक्त व्यक्ति छनौट सम्बन्धी आवश्यक कार्यहरु सम्पन्न गरी छनौट सूची सिफारिस गर्न देहाय बमोजिमको एक छनौट सिफारिस समिति रहनेछः

(क) अधिकृत (सातौं), प्रशासन शाखा - संयोजक

(ख) अधिकृत (छैटौं), परीक्षा संचालन शाखा - सदस्य

(ग) हलुका सवारी चालक - सदस्य

(२) उपदफा (१) बमोजिम गठित समितिले हलुका सवारी चालक छनौट सम्बन्धी आवश्यक कार्यहरु गर्नेछ ।

(३) हलुका सवारी चालक छनौट सम्बन्धमा समितिले आवश्यक परेमा विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

६. **छनौट विधिः** (१) हलुका सवारी चालक छनौट गर्न तपसिल बमोजिमका विधिहरू मध्य कुनै एक वा सवै विधि अवलम्बन गर्न सकिनेछः

क. छोटो सूची (Shortlist)

ख. प्रतियोगितात्मक लिखित परीक्षा,

ग. प्रयोगात्मक परीक्षा

घ. अन्तर्वार्ता

(२) छोटो सूची (Shortlist) तयार गर्दा सम्बन्धित आवेदकले पेश गरेको व्यक्तिगत विवरण (Bio-data) को आधारमा कार्यानुभव एवं अन्य व्यक्तिगत योग्यता र उपयुक्ततासमेतको मूल्यांकन गरी योग्यताक्रम निर्धारण गरिने छ ।

(३) प्रतियोगितात्मक लिखित परीक्षामा जम्मा २५ अङ्कको २५ वटा वस्तुगत बहुउत्तर भएको प्रश्न सोधिने छ र सही उत्तर वापतको प्रासाङ्कका आधारमा योग्यताक्रम निर्धारण गरिने छ ।

(४) प्रयोगात्मक परीक्षामा आवश्यकता अनुसार विज्ञसहितको टोली सवार हलुका सवारी साधनलाई २० कि.मि. वा सो भन्दा बढी विभिन्न गतिमा संचालन गर्न लगाई दक्षताको

मूल्यांकन गरिने छ । प्रयोगात्मक परिक्षामा ट्राफिक नियम - ७ अंक, यान्त्रिक जानकारी - ७ अंक र सवारीको गती जाँचमा ६ अंक समेत गरी जम्मा २० अंकको प्रयोगात्मक परिक्षा हुनेछ । यसमा न्युनतम १५ अंक प्राप्त गर्ने आवेदक प्रयोगात्मक परीक्षामा उत्तिर्ण भएको मानिनेछ ।

(५) अन्तर्वार्ता २० पुर्णाङ्कको हुनेछ ।

७. छनौट कार्यविधिः (१) दफा ६ अनुसारको छनौट विधि अवलम्बन गर्दा विधि क. "(छोटो सूची (Shortlist)" वा विधि ख. "प्रतियोगितात्मक लिखित परीक्षा" मध्ये एक र अन्य विधि अपनाईने छ ।

(२) उपदफा (१) बमोजिमको विधिबाट प्राप्त योग्यताक्रम अनुसार आवश्यक पद संख्याको तेब्बर संख्यामा योग्यतम आवेदक छनौट गरी प्रारम्भिक छनौट सूची स्वीकृतिका लागि सचिव समक्ष पेश गरिने छ ।

(३) सचिवले उपदफा (२) बमोजिम पेश भएको प्रारम्भिक छनौट सूचीमा परेका आवेदकहरू मध्ये आवश्यक पद संख्याको दोब्बर संख्यामा आवेदक छनौट गरी छनौट सूची स्वीकृत गर्नेछ. ।

तर, उपदफा (२) र (३) बमोजिमको प्रारम्भिक छनौट सूची र छनौट सूचीका लागि पर्याप्त आवेदक नभएको अवस्था भएमा कम संख्यामा छनौट सूची पेश गर्न वा स्वीकृत गर्न वाधा पर्ने छैन ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएको छनौट सूचीबाट छनौट भएका आवेदकहरूलाई मात्र प्रयोगात्मक परीक्षामा सामेल गराइने छ ।

(५) उपदफा (४) बमोजिम प्रयोगात्मक परीक्षामा सामेल भएका आवेदकहरू मध्ये प्रयोगात्मक परीक्षा उत्तिर्ण हुने आवेदकहरूलाई मात्र अन्तर्वार्तामा सामेल गराइने छ ।

८. सिफारिस गर्नेः दफा ५ बमोजिमको समितिले दफा ७ बमोजिमको प्रकृया अवलम्वन गरी अधिकतम अंक प्राप्त गर्ने आवेदकको योग्यताक्रम सहित व्यक्ति करार सम्झौताका लागि सचिव समक्ष पेश गर्नु पर्नेछ ।

९. विविधः (१) यस कार्यविधिको कार्यान्वयनका क्रममा द्विविधा उत्पन्न भएमा सचिवले आवश्यक निर्णय गर्नेछ ।

(२) समितिले परीक्षा सञ्चालन तथा छनौट सम्बन्धी कार्य गर्दा प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन कार्यविधि), २०७७ बमोजिम सुविधा प्राप्त गर्नेछ ।